# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, चैत २७ गते २०४६ साल (संख्या ५१

## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

**स्टाण्डर्ड नाप र तौल (चौथो संशोधन) नियमहरू, २०४६**

स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "स्टाण्डर्ड नाप र तौल (चौथो संशोधन) नियमहरू, २०४६" रहेको छ ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को नियम ३ मा संशोधन: स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ (यसपछि "मूल नियमहरू" भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ:–

"(३) राष्ट्रिय स्टाण्डर्ड इकाईहरू राखिने : ऐनको दफा ३, ४, ५, ६, ७, ८ र ८क बमोजिमका इकाईहरूको राष्ट्रिय स्टाण्डर्ड, गुणस्तर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा नाप तौल विभागमा राखिनेछ र ती राष्ट्रिय स्टाण्डर्डहरू नियन्त्रकको जिम्मामा रहनेछन् ।"

३. मूल नियमहरूको नियम ४ मा संशोधन: मूल नियमहरूको नियम ४ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) प्रमुख स्टाण्डर्डको वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ. आई. एम. एल.)को सिफारिश संख्या २० को ई २ वर्ग अनुसार वा अनुसूची–१ बमोजिम हुनेछ र सो स्टाण्डर्ड गुणस्तर तथा नापतौल विभागको प्रयोगशालामा नियन्त्रकले तोकिदिएको अधिकृतको जिम्मामा रहनेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

४. मूल नियमहरूको नियम ५ मा संशोधन: मूल नियमहरूको नियम ५ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) माध्यमिक स्टाण्डर्ड वस्तु, डिजाइन र विवरण इन्टर-नेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ. आई. एम. एल.) को सिफारिश संख्या २० को एफ–१ वर्ग अनुसार वा अनुसूची २ बमोजिम हुनेछ र सो स्टाण्डर्ड नियन्त्रकले तोकिदिएको अधिकृतको जिम्मामा र स्थानमा रहनेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

५. मूल नियमहरूको नियम ६ मा संशोधन: मूल नियमहरूको नियम ६ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) कार्यकारी स्टाण्डर्डको वस्तु, डिजाइन र विवरण इन्टर-नेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ. आई. एम. एल.)को सिफारिश संख्या २० को एफ–२ वर्ग अनुसार वा अनुसूची ३ बमोजिम-हुनेछ र सो स्टाण्डर्ड निरीक्षकको जिम्मामा रहनेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

६. मूल नियमहरूको नियम ८ मा संशोधन: मूल नियमहरूको नियम ८ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

"(३) उपनियम (१) बमोजिमका तराजु (काँटा) हरूका आवश्यकताहरू अनुसूची ३ (क) बमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल नियमहरूको नियम ९ मा संशोधन: मूल नियमहरूको नियम ९ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

"(३) उपनियम (१) बमोजिमका तराजु (काँटा) हरूका आवश्यकताहरू अनुसूची ३ (ख) बमोजिम हुनेछ ।"

८. मूल नियमहरूको नियम १० मा संशोधन : मूल नियमहरूको नियम १० को,–

(१) उपनियम (३) झिकिएको छ ।

(२) उपनियम (५) पछि देहायका उपनियम (६) र (७) थपिएका छन्:–

"(६) फासला नाप्ने यन्त्रहरूको विवरण अनुसूची ५(ग) बमोजिम हुनेछ ।"

"(७) नाप र तौलको आधारमा व्यापारिक प्रयोजनको लागि मालसामान बिक्री गर्दा मान्यता दिइने घटीबढीको हद अनुसूची ५(घ) बमोजिम र मोहर बन्द गरिएका प्याकेजहरूको घटीबढीको हद नेपाल गुणस्तर बमोजिम हुनेछ ।"

९. मूल नियमहरूको नियम ११ मा संशोधन: मूल नियमहरूको नियम ११ को,–

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) र (१ख) थपिएका छन् :–

"(१क) कुनै व्यापारी वा व्यवसायीले उपनियम (१) बमोजिमको म्याद नाघेको पाँच वर्षभित्र टाँचा लगाउन आएमा नियम १४ को उपनियम (१क) बमोजिम जरिवाना लिई नियम १२ बमोजिम निरीक्षकले टाँचा लगाई दिन सक्नेछ ।

(१ख) उपनियम (१) बमोजिम टाँचा लगाउनको लागि निरीक्षकले डोर खटाउन सक्नेछ । त्यसरी खटाइएको डोरले उपनियम (१) बमोजिम टाँचा लगाउनु पर्ने म्याद पुग्नुभन्दा तीन महिना अगाडिसम्म वा म्याद पुगेको तीन महिना पछाडिसम्मको अवधिमा टाँचा लगाउन उपनियम (१) ले बाधा पुऱ्याएको मानिनेछैन ।"

(२) उपनियम (२) मा रहेको "उपनियम (१)" भन्ने शब्दहरूपछि "वा उपनियम (१क)" भन्ने शब्दहरू थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९६०

१०. मूल नियमहरूको नियम १४ मा संशोधन : मूल नियमहरूको नियम १४ को,–

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ:–

"(१क) नियम ११ को उपनियम (१क) बमोजिम टाँचा लगाउँदा उपनियम (१) बमोजिम लाग्ने दस्तुरको अतिरिक्त एक वर्षभित्र भए एक सय रूपैयाँसम्म, दुई वर्षभित्र भए एक सय रूपैयाँदेखि दुई सय पचास रूपैयाँसम्म, तीन वर्षभित्र भए दुई सय पचास रूपैयाँदेखि चार सय पचास रूपैयाँसम्म, चार वर्षभित्र भए चार सय पचास रूपैयाँदेखि सात सय रूपैयाँसम्म र पाँच वर्षभित्र सात सय रूपैयाँदेखि एक हजार रूपैयाँसम्म जरिवाना लिइनेछ ।"

(२) उपनियम (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) पेट्रोलियम पदार्थ बोक्ने गाडी, पेट्रोल पम्प, तौलने पुल, अचल मञ्चयुक्त तौलने यन्त्र र नियन्त्रकले तोकिदिएका अन्य यस्तै यन्त्रहरू,"

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :–

"(४) कुनै पनि नाप तौल वा नाप्ने तौलने यन्त्र नियम ११ बमोजिम जाँच गर्दा घटीबढी देखिएमा त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र सम्बन्धित व्यक्तिलाई मिलान गर्न फिर्ता दिइनेछ र निजले आवश्यक मिलान गरी सात दिनभित्र त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र पुनः जाँचको लागि ल्याएमा जाँच गरिदिनु पर्नेछ र ठीक देखिए टाँचा लगाइ दिनु पर्नेछ ।"

(४) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :–

"(५) उपनियम (४) बमोजिम नाप तौल वा नाप्ने तौलने यन्त्र मिलान गर्न फिर्ता दिंदा दुई पटकसम्ममा पनि मिलान गर्न नसकेमा त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोगमा ल्याउन पाइने छैन ।"

११. मूल नियमहरूको नियम १६ मा संशोधन : मूल नियमहरूको नियम १६ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:–

"(१) देहायको अवस्थामा नाप तौल वा नाप्ने तौलने यन्त्र जफत गर्न वा त्यसबाट गरिने कारोबार रोक्का गर्न सकिनेछ:–

(क) कीर्ते वा त्रुटीपूर्ण भएको,

(ख) छलकपट गरी प्रयोग गरिएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) टाँचा नलगाइएको,

(घ) कीर्ते टाँचा लगाइएको वा एक अर्कोको टाँचा सारिएको वा

(ङ) नियम १० को उपनियम (१) र उपनियम (३) बमोजिम नभएको ।

(२) उपनियम (२) मा रहेको "श्री ५ को सरकारले" भन्ने शब्दहरूको सट्टा "नियन्त्रकले" भन्ने शब्द राखिएको छ ।

१२. मूल नियमहरूको नियम १७ मा संशोधन : मूल नियमहरूको नियम १७ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ ।

"(१) नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्नु अघि त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र खरीद गरेको पैंतीस दिनभित्र निरीक्षक समक्ष निवेदन दिई ऐनको दफा २५ बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:–

"(३) उपनियम (२) बमोजिम अनुमतिपत्र प्राप्त गर्ने व्यापारी वा व्यवसायीले नाप तौल वा नाप्ने तौलने यन्त्रमा टाँचा लगाउनु पर्ने म्यादभित्र आफ्नो व्यापार वा व्यवसाय छाडी सो नाप तौल वा नाप्ने तौलने यन्त्र अन्य कुनै व्यापार वा व्यवसाय गर्ने व्यक्तिलाई दिएमा सो प्राप्त गर्ने व्यापारी वा व्यवसायीले नियम ११ बमोजिम टाँचा लगाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम अनुमति प्राप्त गर्ने व्यापारी वा व्यवसायीहरूले आफ्नो व्यापार तथा व्यवसाय छोड्दा त्यसको सूचना कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सूचना प्राप्त भएमा वा नियम ११ को उपनियम (१क) को म्यादभित्र पनि टाँचा नलगाएमा त्यस्ता व्यापारी वा व्यवसायीले उपनियम (२) बमोजिम प्राप्त गरेको अनुमतिपत्र रद्द हुनेछ ।"

१३. मूल नियमहरूको नियम १८ मा संशोधन : मूल नियमहरूको नियम १८ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:–

"(१) नाप तौल वा नाप्ने तौलने यन्त्र बनाउन, मर्मत गर्न, बिक्री गर्न वा सेवा प्रदान गर्न चाहने व्यापारीले इजाजतपत्रको लागि नाप तौल वा नाप्ने तौलने यन्त्र बनाउन अनुसूची ११(क), मर्मत गर्न अनुसूची ११ (ख), बिक्री गर्न अनुसूची ११(ग) र सेवा प्रदान गर्न अनुसूची ११(घ)बमोजिमको ढाँचामा निरीक्षक समक्ष निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:–

"(२) उपनियम (१) बमोजिमको विवरण सहितको निवेदन प्राप्त भएपछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निरीक्षकले सम्बन्धित व्यापारीलाई अनुसूची ११ (ङ) बमोजिमको धरौटी रकम र दस्तुर लिई अनुसूची १२ बमोजिमको इजाजतपत्र दिनेछ।"

(३) उपनियम (३) मा रहेको "नियन्त्रक" भन्ने शब्दको सट्टा "निरीक्षक" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (४) मा रहेको " वा बिक्री गर्ने" भन्ने शब्दहरूको सट्टा "बिक्री गर्ने वा सेवा प्रदान गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपनियम (५) मा रहेका "नियन्त्रकले तोकेबमोजिम" भन्ने शब्दहरूको सट्टा "विभागद्वारा निर्धारित" भन्ने शब्दहरू र सोही उपदफामा रहेका "नियन्त्रकले मागेको" भन्ने शब्दहरूको सट्टा "निरीक्षकले मागेको" भन्ने शब्दहरू राखिएका छन्।

(६) उपनियम (६) मा रहेको "नियन्त्रकले" भन्ने शब्दको सट्टा "निरीक्षकले" भन्ने शब्द राखिएको छ र सोही उपदफामा रहेको "नवीकरण नगर्ने आदेश दिन सक्नेछ" भन्ने वाक्यांशपछि "र धरौटी रकम समेत जफत गर्न सक्नेछ" भन्ने वाक्यांश थपिएको छ।

(७) उपनियम (७) मा रहेको "नियन्त्रकले" भन्ने शब्दको सट्टा "निरीक्षकले" भन्ने शब्द राखिएको छ।

१४. मूल नियमहरूमा नियम १९ थप : मूल नियमहरूको नियम १८ पछि देहायको नियम १९ थपिएको छः–

"१९. अनुसूचीमा हेरफेर गर्न सक्नेः यी नियमहरूका अनुसूचीहरूमा श्री ५ को सरकारले आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ।"

१५. मूल नियमहरूको अनुसूची १ मा संशोधन : मूल नियमहरूको अनुसूची १ मा रहेका "उपनियम (१) र (३) संग सम्बन्धित" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) संग सम्बन्धित" भन्ने शब्दहरू राखिएका छन्।

१६. मूल नियमहरूको अनुसूची २ मा संशोधन : मूल नियमहरूको अनुसूची २ मा रहेका "उपनियम (१) र (३) संग सम्बन्धित" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) संग सम्बन्धित" भन्ने शब्दहरू राखिएका छन्।

१७. मूल नियमहरूको अनुसूची ३ मा संशोधन : मूल नियमहरूको अनुसूची ३ मा रहेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260

"उपनियम (१) र (३) संग सम्बन्धित" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) संग सम्बन्धित" भन्ने शब्दहरू राखिएका छन् ।

१८. मूल नियमहरूमा अनुसूचीहरू थप : मूल नियमहरूको अनुसूची ३ पछि यसैसाथ संलग्न अनुसूची ३ (क) र ३ (ख) थपिएका छन् ।

१९. मूल नियमहरूको अनुसूची ४ मा संशोधन : मूल नियमहरूको अनुसूची ४ को,–

(१) चित्र नं. १ र २ तथा तालिका नं. १ र २ को सट्टा यसैसाथ संलग्न चित्र नं. १ र २ तथा तालिका नं. १ र २ राखिएका छन् ।

(२) तालिका नं. १२ मा रहेको संज्ञा २ लि को "च" मा रहेका "२८२" अङ्कहरूको सट्टा "१८२" अङ्कहरू र संज्ञा १ लि को "ख" मा रहेका "१४५" अङ्कहरूको सट्टा "१४३" अङ्कहरू राखिएका छन् ।

(३) खण्ड ३ पछि यसैसाथ संलग्न खण्ड ३ (क) र ३ (ख) थपिएका छन् ।

(४) खण्ड ४ को "स्टीलटेप नाप (बेर्ने खालको)" शीर्षकको "रेखाङ्कन" को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) हरेक १० से.मी. र मीटर देवनागरी वा अंग्रेजी अङ्कद्वारा अङ्कित गरिनु पर्नेछ । साथै मीटर रेखा मी. वा. m द्वारा लेखिनु पर्नेछ । पहिलो १० से.मी. सम्म हरेक से.मी. देवनागरी वा अंग्रेजी अङ्क-द्वारा चिह्नित गरिनु पर्नेछ । १०,१५,२०,३० र ५० संज्ञाको टेप-हरूको अन्तमा मिटर वा metre द्वारा अङ्कित गरिनु पर्नेछ ।"

२०. मूल नियमहरूको अनुसूची ५ मा संशोधन : मूल नियमहरूको अनुसूची ५ को खण्ड १ को ३ मा रहेको अङ्कको खण्ड (ग) रहेका अंग्रेजी अक्षरहरू T, Kg. र G को सट्टा क्रमशः t, Kg. र g. अक्षरहरू राखिएका छन् ।

२१. मूल नियमहरूको अनुसूची ५ (ख) मा संशोधन : मूल नियमहरूको अनुसूची ५ (ख) को, –

(१) १ मा रहेको "परिभाषा" को खण्ड (ग) पछि देहायको खण्ड (त) थपिएको छ ।

"(त) दर्ता भन्नाले ट्याक्सी वा अटोरिक्सामा जडान भएको मिटरले फासला वा समयको हिसाबले मिटरमा भाडा देखाउने क्रियालाई जनाउँछ र "बढी दर्ता हुने" भन्नाले निश्चित फासला वा समय भन्दा अगाडि नै भाडा देखाउनेलाई र "घटी दर्ता हुने" भन्नाले निश्चित फासला वा समयभन्दा पछाडि देखाउनेलाई सम्झनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विभिन्न ठाउँमा प्रयोग भइरहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन् :–

(क) "ट्याक्सी" को सट्टा "ट्याक्सी वा अटोरिक्सा"

(ख) "मोटर गाडी" को सट्टा "ट्याक्सी वा अटोरिक्सा"

(ग) "गाडी" को सट्टा "ट्याक्सी वा अटोरिक्सा"

(घ) "दर्ता हुनेमा " को सट्टा "बढी दर्ता हुनेमा"

(ङ) "दर्ता भइसकेकोमा" को सट्टा "घटी दर्ता हुनेमा"

२२. मूल नियमहरूमा अनुसूचीहरू थप : मूल नियमहरूका अनुसूची ५ (ख) पछि यसैसाथ संलग्न अनुसूची ५ (ग) र ५ (घ) थपिएका छन् ।

२३. मूल नियमहरूको अनुसूची ८ मा संशोधन : मूल नियमहरूको अनुसूची ८ को सट्टा यसैसाथ संलग्न अनुसूची ८ राखिएको छ ।

२४. मूल नियमहरुको अनुसूची ९ मा संशोधन : मूल नियमहरूको अनुसूची ९ को सट्टा यसैसाथ संलग्न अनुसूची ९ राखिएको छ ।

२५. मूल नियमहरूको अनुसूची १० मा संशोधन : मूल नियमहरूको अनुसूची १० को सट्टा यसैसाथ संलग्न अनुसूची १० राखिएको छ ।

२६. मूल नियमहरूको अनुसूची ११ (क) मा संशोधन : मूल नियमहरूको अनुसूची ११ (क) को क्रमसंख्या १० मा रहेको "विस्तृत विवरण दिने" भन्ने शब्दहरूपछाडि रहेको विवरणको सट्टा देहायको विवरण राखिएको छः–

निर्माण गर्ने इजाजतपत्र मागिएको वस्तुहरूको नमूनाको सेट निरीक्षण तथा अनुमोदनको निमित्त प्रस्तुत गरिएको छ ।

मैले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा त्यस अन्तर्गतका नियमहरू पढेको छु र सो ऐन तथा नियमहरूको पालना गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदकको सहीः–. . . . . . . . . . . .
मितिः–. . . . . . . . . . . . . . .
ठेगानाः–. . . . . . . . . . . . . .

---

कार्यालयले मात्र भर्ने

इजाजतपत्र दिइएको । अस्वीकृत गरिएको
इजाजतपत्र नं. . . . . .
मितिः–. . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . .
निरीक्षण गर्ने अधिकृतको सहीः–
दस्तखत . . . . . . . . . . . . .
निरीक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

२७. मूल नियमहरूको अनुसूची ११ (ख) मा संशोधन : मूल नियमहरूको अनुसूची ११(ख) को,–

(१) क्रम संख्या ११ को सट्टा देहायको क्रम संख्या ११ राखिएको छ :–

"११ आफूले मर्मतकर्ता भई काम गर्न चाहेको क्षेत्रको विवरणः–

(क) अञ्चलः–

(ख) जिल्लाः–

(ग) नगर । गाउँ

(२) क्रम संख्या ११ पछि रहेको विवरणको सट्टा देहायको विवरण राखिएको छः–

"मैले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा यसअन्तर्गतका नियमहरू पढेको छु र सो ऐन तथा नियमहरूको पालना गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदकको सहीः– .............

मितिः– ....................

नाम :– ....................

ठेगानाः– ..................

---

कार्यालयले मात्र भर्ने

इजाजतपत्र दिइएको । अस्वीकृत गरिएको

इजाजतपत्र नं:– ........ ..............

मितिः– ................ निरीक्षण गर्ने अधिकृतको सहीः–

दस्तखत .............

निरीक्षक

२८. मूल नियमहरूको अनुसूची ११(ग) मा संशोधनः मूल नियमहरूको अनुसूची ११ (ग) को क्रम संख्या ६ पछि रहेको विवरणको सट्टा देहायको विवरण राखिएको छः–

"मैले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा त्यस अन्तर्गतका नियमहरू पढेको छु र सो ऐन तथा नियमहरूको पालना गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ, झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदकको सही:– ...........

मिति:– ..................

नाम:– ..................

ठेगाना:– ..................

कार्यालयले मात्र भर्ने

इजाजतपत्र दिइएको । अस्वीकृत गरिएको

इजाजतपत्र नं.:– ..... ..............

मिति:– ......... निरीक्षण गर्ने अधिकृतको सही:–

दस्तखत:– ..............

निरीक्षक

२९. मूल नियमहरूमा अनुसूचीहरू थप: मूल नियमहरूको अनुसूची ११(ग) पछि यसैसाथ संलग्न अनुसूची ११(घ) र ११(ङ) थपिएका छन् ।

३०. मूल नियमहरूको अनुसूची १२ मा संशोधन: मूल नियमहरूको अनुसूची १२ को सट्टा यसैसाथ संलग्न अनुसूची १२ राखिएको छ ।

३१. मूल नियमहरूको अनुसूची १३ मा संशोधन : मूल नियमहरूको अनुसूची १३ को सट्टा यसैसाथ संलग्न अनुसूची १३ राखिएको छ ।

३२. मूल नियमहरूको अनुसूची १४ संशोधन : मूल नियमहरूको अनुसूची १४ को सट्टा यसैसाथ संलग्न अनुसूची १४ राखिएको छ ।

३३. रूपान्तर : मूल नियमहरूको अनुसूचीहरूमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन् :–

(क) "नियन्त्रक" को सट्टा "निरीक्षक"

(ख) "अर्थ मन्त्रालय, टक्सार तथा नापतौल विभाग, नियन्त्रक कार्यालय काठमाडौं" को सट्टा–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"उद्योग मन्त्रालय
गुणस्तर तथा नाप तौल विभाग
गुणस्तर तथा नापतौल कार्यालय"

(ग) "अर्थ मन्त्रालय, टकसार तथा नापतौल विभाग" को सट्टा
"उद्योग मन्त्रालय
गुणस्तर तथा नापतौल विभाग
गुणस्तर तथा नापतौल कार्यालय"

## अनुसूची ३ (क)

(नियम ८ को उपनियम (३) संग सम्बन्धित)

माध्यमिक स्टाण्डर्ड तराजु (काँटा)हरूको आवश्यकताहरू

१. माध्यमिक स्टाण्डर्ड तराजु भन्नाले कार्यकारी स्टाण्डर्डहरू जाँचका लागि प्रयोग गरिने तराजु सम्झनुपर्छ । सो माध्यमिक तराजुमा त्यसको क्षमता र सेन्सीटीभीटी उल्लेख गरी निम्न तालिका बमोजिमका आवश्यकताहरू पूरा गरेको हुनु पर्दछ ।

तालिका

| क्षमता | सेन्सीटीभीटी मि. ग्रा./ डिभिजन | न्यूनतम स्केल /डिभिजन | सेन्सीटीभीटीको अधिकतम परिवर्तन (भएको अनुपातमा) | नापको न्यूनतम यथार्थता |
|---|---|---|---|---|
| २० किलो | २५ | १.५ मिमि | १० प्रतिशत | २५ मि. ग्रा. १०किलोमा |
| ५ किलो | ७.५ | १.० " | " | ७.५ मि. ग्रा. २किलोमा |
| १ किलो | १.५ | १.० " | " | १.५ मि.ग्रा. ५००ग्राममा |
| २०० ग्राम | ०.५ | १.० " | " | ०.५ मि.ग्रा. ५० ग्राममा |
| २० ग्राम | ०.१ | १.० " | " | ०.१ मि.ग्रा. ५ ग्राममा |
| २ ग्राम | ०.०२ | ०.७५ " | " | ०.०२मि.ग्रा.१मि.ग्राममा |

२. प्रत्येक माध्यमिक तराजुको १० क्रमिक विश्राम विन्दुहरूको स्टाण्डर्ड डेभिएशन १ स्केल डिभिजनभन्दा बढी हुनु हुँदैन ।

३. समान बाहु भएका माध्यमिक तराजुहरूको बाहु समान वा बराबर नभएमा सेन्सीटीभीटीलाई पूर्ण भारले भाग गर्दा आउने भिन्नांश भन्दा बढी हुनु हुँदैन । भिन्नांशको हिसाब गर्दा इकाई समान हुनु पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६२

४. विभिन्न भारमा माध्यमिक तराजुहरूको चालू अवधि ( Time Period ) को फरक (Variation) २०% भन्दा बढी हुनु हुँदैन ।

५. माध्यमिक तराजु काम नलिइएको अवस्थामा त्यसको दुवै चक्कुधार सम्बन्धित बियरिंगको समतलबाट अलग हुन सक्ने हुनुपर्छ ।

६. माध्यमिक तराजुहरू सामान्यतः प्रयोगशालामा मात्र प्रयोग गरिनुपर्छ ।

अनुसूची ३ (ख)

(नियम ९ को उपनियम (३) संग सम्बन्धित)

कार्यकारी स्टाण्डर्ड तराजु (काँटा)हरूको आवश्यकताहरू

१. कार्यकारी स्टाण्डर्ड तराजु भन्नाले व्यापारिक वा अन्य क्षेत्रमा प्रयोग गरिने तौलहरू जाँच्न प्रयोग गरिने तराजु सम्झनु पर्दछ ।

यी दुई किसिमका हुनेछन्ः–

(क) प्रयोगशालामा रहनेः– प्रयोगशालामा रहने कार्यकारी तराजुहरूमा स्पष्ट रूपले क्षमता र सेन्सीटीभीटी उल्लेख भएको हुनुका साथै निम्न तालिका बमोजिमको आवश्यकता पूरा गरेको हुनुपर्छ ।

| क्षमता | सेन्सीटीभीटी मि. ग्रा./डिभिजन | सेन्सीटीभीटीको अधिकतम परिवर्तन (भारको अनुपातमा) | नापको न्यूनतम यथार्थता |
|---|---|---|---|
| ५० किलो | १०० | २० प्रतिशत | १०० मि. ग्रा. १० किलोमा |
| ५ " | १० | " | १० मि. ग्रा. ५०० ग्राममा |
| २०० ग्राम | १ | " | १ मि. ग्रा. १०० ग्राममा |
| ५० " | ०.४ | " | ०.४ मि. ग्रा. ५ ग्राममा |
| २ " | ०.०५ | " | ०.०५ मि. ग्रा. १ मि. ग्राममा |

(ख) बाह्य प्रयोगमा आउने कार्यकारी तराजुहरूमा स्पष्ट रूपले क्षमता र सेन्सीटीभीटी उल्लेख भएको हुनुका साथै निम्न तालिकाबमोजिमको आवश्यकता पूरा गरेको हुनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तालिका

| क्षमता | सेन्सीटीभीटी मि. ग्रा./डिभिजन | सेन्सीटीभीटीको अधिकतम परिवर्तन (भारको अनुपातमा) | नापको न्यूनतम यथार्थता |
|---|---|---|---|
| ५० किलो | ५० मि. ग्रा. | २० प्रतिशत | ५० मि. ग्रा. १० किलोमा |
| २०० ग्राम | ६ मि. ग्रा. | " | ५ मि. ग्रा. ५ ग्राममा |

२. प्रत्येक कार्यकारी तराजुको १० क्रमिक विश्राम विन्दुहरूको स्टाण्डर्ड डेभिएशन १ स्केल डिभिजनभन्दा बढी हुनु हुँदैन ।

३. समान बाहु भएका कार्यकारी तराजुहरूको बाहु समान वा बराबर नभएमा सेन्सीटीभीटीलाई पूर्ण भारले भाग गर्दा आउने भिन्नांश भन्दा बढी हुनु हुँदैन ।

४. विभिन्न भारमा कार्यकारी तराजुको चालू अवधि ( Time Period ) को फरक ( Variation ) २०% भन्दा बढी हुनु हुँदैन ।

५. कार्यकारी तराजु काम नलिइएको अवस्थामा त्यसको दुवै चक्कुधार सम्बन्धित बियरिंगको समतलबाट अलग हुन सक्ने हुनुपर्छ ।


६. प्रयोगशालामा रहने कार्यकारी तराजुहरू सामान्यतः प्रयोगशाला मैं मात्र प्रयोग गरिनुपर्छ ।

७. बुलियन र क्यारेट तौलहरूको जाँचको हकमा निरीक्षकले आवश्यक ठानेमा प्रयोगशालामा रहने कार्यकारी तराजुबाट जाँच गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ४ मा रहेको चित्र नं १ को सट्टा राखिएको चित्र नं. १






आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अनुसूची ४ को तालिका नं. १ को सट्टा राखिएको तालिका नं. १)

तालिका नं. १

| तौल | क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | ट | ठ | ड | ढ | ण | त | थ | द | ध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०० ग्राम | २० | ८.५ | ७ | ६.८ | ४.५ | १३ | २२ | १ | २.५ | ४.५ | ३० | २ | ३.५ | ६.५ | १.५ | २ | २ | २ | १ |
| २०० " | २५ | १३.५ | १२ | ११ | ७ | १६ | २८ | १ | २.५ | ५ | ४० | २.२५ | ४ | १०.५ | १.५ | २.५ | २ | ३.२ | १.५ |
| ५०० " | ३४ | १३.५ | १२ | ११ | ७ | २२ | ३८ | १ | २.५ | ५ | ५० | ३ | ५.५ | १०.५ | १.५ | २.५ | २ | ३.२ | १.५ |
| १ किलो | ४३ | १७.५ | १६ | १५ | १० | २७ | ४८ | १ | २.५ | ५ | ६५ | ४ | ७ | १४.५ | १.५ | २.५ | २ | ५ | २ |
| २ " | ५४ | २६ | २४ | २२ | १४ | ३६ | ६० | १.५ | ४ | ८ | ८० | ५ | ८ | २१.५ | १.५ | ५ | ३ | ५ | २ |
| ४ " | ७२ | २६ | २४ | २२ | १६ | ४६ | ८० | १.५ | ४ | ८ | १२० | ६.५ | १२ | २१.५ | १.५ | ५ | ३ | १० | २ |


सबै आयाम मिलिमिटरमा आयामको घटीबढी हद ५ प्रतिशत

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ४ मा राखिएको चित्र नं. २ को सट्टा राखिएको चित्र नं. २




मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अनुसूची ४ को तालिका नं. २ को सट्टा राखिएको तालिका नं. २)

तालिका नं. २

| तौल | क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | ट | ठ | ड | ढ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० किलो | ४६ | २४ | २० | १३ | २० | २५ | ४६ | १६३ | १०६ | १६० | २५ | ३२ | २८ | २२ |
| २० " | ६१ | २४ | २० | १३ | २० | ३० | ६१ | २३४ | १३६ | २३० | २६ | ३२ | २८ | २२ |
| ५० " | ८३ | २४ | २० | १३ | २० | ४० | ८३ | ३१४ | १६२ | ३१० | ४० | ३२ | २८ | २२ |

| तौल | ण | त | थ | द | ध | न | प | फ | ब | भ | म | य | अ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० किलो | १६ | ३५ | १० | १ | ७० | ८१ | ६७ | ६५ | ८ | ३८ | २५ | १६ | ६ |
| २० " | १६ | ५० | १० | १ | ६५ | १०६ | ११७ | ११५ | १२ | ५२ | ३० | २० | ८ |
| ५० " | १६ | ७० | १० | १ | १४८ | १५६ | १५७ | १५५ | १६ | ७४ | ४० | २५ | १० |

सबै आयाम मिलिमिटरमा

आयामको घटीबढी हद ५ प्रतिशत



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अनुसूची ४ को खण्ड ३ पछि राखिएको खण्ड ३ (क) )

खण्ड ३ (क)

## ठूला भाँडाहरुको ग्रहिता मापाङ्कन गर्ने उपकरण

१. क्षेत्रः–

ठूला ठूला व्यापारिक बल्क मेजर, भेहिकल टैंक, बल्क मिटर आदि मापाङ्कन गर्न प्रयोग गरिने उपकरणहरू पर्दछन् ।


२. परिभाषाः–

मापाङ्कन गर्ने उपकरणको क्षमताः– मापाङ्कन गर्ने उपकरणको क्षमता भन्नाले नापिने तरल पदार्थ उपकरणमा भर्दा सो मा अङ्कित चिह्नसंग तरल पदार्थको मेनिस्कसको निम्नतम बिन्दुसंग मिलेको क्षमतालाई जनाउँदछ ।

३. संज्ञा (डिनोमिनेशन) :–

मापाङ्कन गर्ने उपकरणको क्षमता ५०, १००, २००, ५००, १०००, १५००, २०००, ५००० लिटर हुनेछ ।

चित्र नं १२ (क)




मापांकन मेजरको ढाँचा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तालिका नम्बर १२ (क)

| संज्ञा | क | ख | ग | घ | ङ | च | छ | ज |
|---|---|---|---|---|---|---|---|---|
| ५० लिटर | ४४० | २७३ | १०० | ४०० | ६२ | ६२ | ४० | १०० |
| १०० ” | ५४० | ३६८ | १२५ | ४०० | ७६ | ८० | ५० | १०० |
| २०० ” | ६८० | ४६४ | २०० | ४०० | ८८ | १०५ | ६० | १०० |
| ५०० ” | ९२० | ६३७ | ३०० | ४०० | ११३ | १४९ | ७५ | १०० |
| [illegible]० ” | ११६० | ८०१ | ४०० | ४०० | १३८ | १९३ | ९० | १०० |
| १५०० ” | १३३० | ९१५ | ५०० | ४०० | १५१ | २२२ | ९८ | १०० |
| २००० ” | १४८० | ९७९ | ६०० | ४०० | १६० | २५० | १०५ | १०० |
| ५००० ” | २०२० | १३११ | १००० | ४०० | १८६ | ३५० | १२५ | १०० |

सबै आयाम मि.मि. मा संकेत गरिएको छ। आयासको घटीबढी हद ५ ± प्रतिशतमा नाप्ने उपकरणको त्रुटी त्यसको कुल क्षमताको ०.१ प्रतिशतभन्दा बढी हुनु हुँदैन ।

४. (क) नाप्ने उपकरण माइल्ड स्टीलको पाता र पाइपबाट बनाइएको हुनुपर्छ ।

(ख) पाताको मोटाइ निम्नबमोजिमको हुनुपर्छ ।

| क्षमता | न्यून मोटाइ |
|---|---|
| ५०० लिटरसम्म | १.८ मि. मि. |
| १००० लिटरदेखि १५०० लिटरसम्म | २.५ मि. मि. |
| २००० देखि ५००० लिटरसम्म | ४.० मि. मि. |

५ निर्माण तथा बनावट

(क) नाप्ने उपकरण मजबुतसंग बाहिरी भागबाट वेल्डिङ्ग गरी जोडिएको हुनुपर्छ र भित्री सतहमा कुनै किसिमको उबड–खाबड तथा अन्य कुनै खराबी हुनु हुँदैन ।

(ख) नाप्ने उपकरणको भित्री भाग इपोक्सी रेजिन जस्ता प्रतिरोध क्षमता भएका पदार्थद्वारा पोतिएको र बाहिरी भाग रोगन गरिएको हुनुपर्छ ।

(ग) ठीक क्षमता यकीन गर्न नाप्ने उपकरणको माथिल्लो भाग (गर्दन)मा गेज ग्लास ( Gauge Glass ) नाप रेखाङ्कित ऐना वा ऐना झ्याल (Glass window) मा ओभर फ्लो पाइपको व्यवस्था हुनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नाप्ने उपकरणको तल्लो भागसम्म पुग्ने गरी फिलिङ्ग पाइप उपलब्ध गराउनुपर्छ ।

(ङ) तरल पदार्थ भर्दा वा निस्कासन गर्दा हुन आउने भूमरी तथा अन्य अस्थीरताहरू रोक्नका लागि नाप्ने उपकरणको निकासद्वारा माथि ब्याफल प्लेट जडान गरिएको हुनुपर्छ । तरल पदार्थको बहावलाई बाधा नदिने तथा हावा वा अन्य तरल पदार्थलाई पस्न नदिने गरी ब्याफल प्लेट बनाइएको हुनु पर्दछ ।

(च) नाप्ने उपकरणको निकास तरल पदार्थ खन्याउँदा भाँडो पूरै रित्तिने गरी निर्माण गरिएको हुनुपर्छ ।

(छ) स्थाई रूपमा जडान भएको नाप्ने उपकरण जमिनमा मजबुत साथ ठड्याउनका लागि उपयुक्त ढाँचाको स्ट्याण्ड हुनुपर्दछ । उदाहरणका लागि चित्र नं. १२ (ख) र १२ (ग) मा देखाइएका छन् ।

(ज) खुट्टीद्वारा अड्याइएको चल नाप्ने उपकरणको हकमा त्यसलाई ठड्याउन समतल जमिन र सतह मिलाउन चाहिने स्क्रीउजेक, स्पीरीट लेभल आदि त्यसैसाथ समावेश गरिएको हुनुपर्छ ।

(झ) नाप्ने उपकरण मिलान गर्न आवश्यक पर्ने एक वा दुई मिलान गर्ने साधन (Adjusting device) उक्त उपकरणमा समावेश हुनुपर्छ । त्यस साधनबाट भाँडोको क्षमताको ०.५ प्रतिशतसम्म मिलान गर्न सक्ने हुनुपर्छ । नाप्ने उपकरणमा समावेश भएका मिलान गर्ने साधनहरूलाई सिलबन्दी गर्न छेउमै सिलिङ लग व्यवस्था हुनुपर्छ साथै ग्रहिता अङ्कित चिह्नलाई मिलान गरी सकेपछि तलमाथि नपार्न सक्नका लागि सिल गर्न सक्ने ठाउँ हुनुपर्छ ।

(ञ) आवश्यक परेको बेला नाप्ने उपकरणको भित्री भाग रङ्गाउन वा निरीक्षण गर्न मानिस वा हात पस्न सक्ने व्यवस्था हुनुपर्छ ।

६. मापाङ्कन कार्यविधिः–

१. वितरण गरिने नाप्ने उपकरण मापाङ्कन विधि

(क) नाप्ने उपकरण कुनै ठाउँबाट नचुहिने हुनुका साथै खिया तथा ग्रिज नलागेको सफा छ छैन राम्ररी जाँच गर्नुपर्छ ।

(ख) नाप्ने उपकरणमा गेज ग्लास ( Gauge glass ) को व्यवस्था भएमा तरल पदार्थ भर्दा ग्रहिता अङ्कित चिह्नसम्म र ओभर फ्लो पाइप ( Over flow pipe )को व्यवस्था भएको ओभर फ्लो हुने गरी भरिनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८४

२. मात्रा नाप्नु पर्ने नाप्ने भाँडोको मापाङ्कन विधि:–

(क) नाप्ने उपकरण कुनै ठाउँबाट नचुहिने हुनुका साथै खिया तथा ग्रिज नलागेको र सफा भए नभएको राम्ररी जाँच गर्नुपर्छ ।

(ख) पूर्व मापाङ्कित उपकरणमा पानी भरी सो पानी जाँच गरिने उपकरणमा खन्याई सोबाट ग्रहिता हेर्नुपर्छ । केही गरी उपकरणको ग्रहिता नाप्ने अङ्कित चिह्नमा सोभन्दा घटीबढी भएमा मिलान गरी मिलाउनुपर्छ र सिलबन्दी गर्नुपर्छ ।


७. अङ्कनः–

प्रत्येक नाप्ने उपकरणमा त्यसको क्षमता अङ्कित हुनुपर्छ । निर्माताको नाम र ट्रेडमार्क नमेटिने गरी अङ्कन भएको हुनुपर्छ । साथै संज्ञा देवनागरी वा अंग्रेजीमा अङ्कन भएको हुनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चित्र नं. १२ (ख)




भेहिकल टैंक मापांकन गर्ने गरिने व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चित्र नं १२(ग)




बल्क मिटर मापांकन गर्ने जडीत ढाँचा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

(अनुसूची ४ को खण्ड ३ पछि थपिएको खण्ड ३ (ख) )

खण्ड ३ (ख)

**पेट्रोलियम वा अरू तरल पदार्थ ओसार्ने भेहिकल टैङ्क मापाङ्कन**

१. परिभाषाहरू:–

(क) भेहिकल टैङ्क:– भेहिकल टैङ्क भन्नाले आवश्यक पाइप भल्वहरू, मिटरहरू आदि सहितको गाडी जनाउँदछ ।

(ख) खण्ड:– खण्ड भन्नाले विभाजन भएको अवस्थामा तरल पदार्थ रहने कुनै एक खण्ड र विभाजन नभएको अवस्थामा सम्पूर्ण टैङ्कलाई सम्झनुपर्दछ ।

(ग) मापाङ्कन:– मापाङ्कन भन्नाले सम्पूर्ण टैङ्कको अथवा यसका खण्डहरूको क्षमता जाँची टाँचा लगाउने कार्य बुझाउँदछ ।

(घ) डिपस्टीक (Dip stick):– डिपस्टीक भन्नाले टैङ्कमा रहेको तरल पदार्थको गहिराइ नाप्न प्रयोग गरिने पित्तल वा अरू कुनै उपयुक्त कडा पदार्थको चारपाटे डण्डी बुझाउँदछ ।

(ङ) अलेज स्टीक (Ullage stick):– अलेज स्टीक भन्नाले प्रुफलेभलबाट तरल पदार्थको गहिराइ निश्चित गर्न प्रयोग गरिने पित्तल वा अरू कुनै उपयुक्त कडा पदार्थको टी (T) आकारको डण्डी बुझाउँदछ ।

(च) अलेज संकेतक (Ullage indicator):– अलेज सङ्केतक भन्नाले तरल पदार्थ कहाँसम्म भर्ने सो सङ्केत गर्ने यन्त्रलाई बुझाउँदछ ।

(छ) प्रुफलेभल (Proof level):– प्रुफलेभल भन्नाले सबै गहिराइको नापसँग सम्बन्ध हुने प्रसङ्गविन्दु (Reference level) बुझाउँदछ ।

(ज) डिप पाइप(Dip pipe):– डिप पाइप भन्नाले तरल पदार्थको उच्चतम सतह भन्दा माथि प्वाल भएको र टैङ्कको माथिल्लो भागबाट मजबुतीका साथ लम्ब रूपमा पिंधबाट करीब १५ से.मी. माथिसम्म पर्ने गरी जडान गरिएको पाइपलाई बुझाउँदछ ।

२. जाँच्ने माध्यम:–

(क) खण्ड जाँच:– भेहिकल टैङ्कको खण्डहरूको क्षमता निश्चित गर्न पानी वा अन्य उपयुक्त तरल पदार्थ प्रयोग गरिनेछ ।

(ख) मिटर जाँच:– भेहिकल टैङ्कको मिटर जाँच गर्दा मिटरले नाप्ने तरल पदार्थ जस्तै गुणहरू भएका अन्य तरल पदार्थ प्रयोग गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उपकरण र औजारहरू:

भेहिकल टैङ्क मापाङ्कन गर्न निम्नलिखित उपकरण र औजारहरू प्रयोग गरिनेछन् ।

(क) प्रुभिङ नापहरू: यस्ता नापहरूको आवश्यकता परेमा यिनिहरूको यथार्थता (Accuracy) उपयुक्त कार्यकारी नापहरूबाट जाँच गर्नुपर्दछ ।

(ख) मापाङ्कित बल्क मिटर: उपयुक्त कार्यकारी नापबाट यथार्थताको (Accuracies) जाँच गरिएका प्रिसेट भल्व, एयर इलिमिनेटर र स्ट्रेनर जडान भएको मिटर ।

(ग) व्यापारिक नापहरूको सेट ।

(घ) होज पाइप, स्कीवर, पञ्च, ट्राइस्क्वायर, टायरप्रेसर गेज र घन आदि अरू उपकरण र औजारहरू ।

४. मापाङ्कन कार्यविधि:

(क) भेहिकल टैङ्कको मापाङ्कन अहिता नाप सरह गरिनेछ। मिटर जडान भएका टैङ्कको हकमा मिटरलाई मापाङ्कन गर्दा छुट्टै नाप्ने यन्त्र सरह मानी मापाङ्कन गरिनेछ ।

(ख) खण्डको क्षमता हिसाब गर्दा इमरजेन्सी, सेफ्टी वा माष्टर भल्व छुट्टै आउने डेलिभरी लाइनदेखि निष्काशन भल्व ( Discharge Valve)सम्मको क्षमताको हिसाब गरिनेछ।

तर एउटै डेलिभरी पाइपलाइनबाट आउटलेट भल्व (Outlet Valve) सम्म जोडिएको खण्डको हकमा खण्डको क्षमता भन्नाले डेलिभरी पाइपको क्षमता भन्नाले डेलिभरी पाइपको क्षमता बाहेकको क्षमता जनाउँदछ । निम्न कुरा स्थाई रूपमा स्थिति अनुसार नमेटिने गरी देखाइएको हुनुपर्छ ।

अङ्कित क्षमताले डेलिभरी लाइनको क्षमता समेत जनाउँदछ ।

वा

अङ्कित क्षमताले डेलिभरी लाइनको क्षमता बाहेकको क्षमतालाई जनाउँदछ । निकास (Outlet) को सबभन्दा तल्लो स्थानमा सेफ्टी वा माष्टर भल्व जडान भएको हुनुपर्छ ।

(ग) भेहिकल टैङ्क मापाङ्कन गर्दा प्रयोग हुने कंक्रिटको समतल मञ्चको कुनै उपयुक्त ठाउँमा मचान वा त्यस्तै फ्रेमवर्क (Frame work) माथि प्रुभिङ नाप वा बल्क मिटर जडान भएको हुनुपर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड मापाङ्कन गर्दा टैङ्क समतलबाट न्यून झुकाव हुने गरी राखिएको हुनुपर्दछ । यस्तो झुकाव जुन खण्डका लागि न्यून हुन आउँछ त्यही खण्डबाट क्रमिक रूपमा भर्ने कार्य हुनुपर्छ ।

(ङ) गाडीका पाँग्राहरूको चाप उचित हुनका साथै पाँग्राहरूको खियावटले मापाङ्कन गरिने टैङ्कको समतलमा असर नपार्ने हुनुपर्छ ।

(च) टैङ्क खण्ड सफा गर्ने र जाँच्ने कार्य आवश्यकतानुसार गरिनुपर्छ ।

(छ) भेहिकल टैङ्क मापाङ्कन गर्नु अघि सो भेहिकल टैङ्कका कुनै अङ्गबाट चुहावट नभएको यकीन गर्न उपयुक्त मात्रामा पानी भरी जाँच गर्नुपर्दछ । मापाङ्कन गर्दा टैङ्क खण्डका भित्री सतह र पाइपलाइन पूरा भिज्ने गरी चाहिने मात्रामा उपयुक्त तरल पदार्थको प्रयोग हुनुपर्दछ ।

(ज) उपरोक्त सावधानीहरू अपनाइएपछि मापाङ्कन गरिने टैङ्क खण्डमा अङ्कित क्षमतासम्म उपयुक्त प्रभिङ नाप वा बल्क मिटरद्वारा (ख) अनुसार भर्नुपर्छ । डिप अलेज डंण्डीमा सावधानीपूर्वक नापको चिह्न लिई यस्ता चिह्नहरूमा नमेटिने गरी रेखा काट्नु पर्दछ । अलेज संकेतक प्रयोग भएमा यसलाई ठीकसंग जडान गरी सिलबन्दी गर्नुपर्दछ ।

(झ) डिपस्टीकमा ब्रुफलेभल देखाउन एउटा चिह्न अङ्कित हुनुपर्छ । अलेज स्टीकको हकमा अलेज विन्दुबाट टि (T) ज्वाइन्टसम्मको दूरी त्यसमा अङ्कित हुनुपर्छ ।

(ञ) क्रमानुसार खण्डहरू भर्दा अघिल्ला भरिएका खण्डहरू भरिएकै अवस्थामा हुनुपर्दछ ।

५. मान्यता दिइने त्रुटीहरू:

(क) प्रभिङ नापको क्षमता र त्रुटीहरू निम्न तालिकाबमोजिम हुनेछ ।

| क्षमता लिटर | त्रुटीहरू मि.लि. |
|---|---|
| ५० | ५० |
| १०० | १०० |
| २०० | २०० |
| ५०० | ५०० |
| १००० | १००० |
| १५०० | १५०० |
| २००० | २००० |
| ५००० | ५००० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250

(ख) भेहिकल टैङ्कमा रहेका खण्डहरूमा अधिकतम त्रुटी अङ्कित क्षमताभन्दा बढीमा ०.०५ प्रतिशत हुनेछ ।

६. (क) भेहिकल टैङ्कमा निरीक्षकको छाप लगाउन पित्तलको पाता रिपीट (Rivetted) गरिएको हुनुपर्छ । उक्त पातामा तालिकाबमोजिमको विवरण खुलाइएको हुनुपर्छ ।

(ख) खण्डको क्षमता मेनहोलको बिर्कोमा नमेटिने गरी अङ्कित भएको हुनुपर्छ र देखिने गरी टैङ्कको दुवैपट्टि रङ्गले लेखिएको हुनुपर्छ । एकभन्दा बढी खण्ड भएको अवस्थामा माथि झैं प्रत्येक खण्डमा त्यसको क्षमता अङ्कित हुनुपर्दछ र प्रत्येकको क्रमानुसार संख्या लेखिनुपर्छ । खण्डसँग जोडिएको निष्काशन भल्वमा सम्बन्धित खण्डको अङ्क हुनुपर्दछ ।

(ग) डिप अलेज स्टीकको टुप्पामा गाडीको दर्ता नं. र खण्डको क्षमता नमेटिने गरी अङ्कित भएको हुनुपर्छ । एकभन्दा बढी खण्ड भएमा स्टीकमा रहेको पातामा गाडीको नम्बर, खण्डको क्रम संख्या, खण्डको प्रुफ र डिपरेखा र खण्डको क्षमता अङ्कित गरिएको हुनुपर्छ ।

७. क्रम संख्या ६ बमोजिमको रिपीट (Rivetted) गरिएको पित्तलको पातामा निम्नबमोजिमका कुरा निम्नबमोजिम अङ्कित हुनुपर्छ ।

श्री ५ को सरकार

उद्योग मन्त्रालय

नेपाल गुणस्तर तथा नापतौल विभाग

गुणस्तर तथा नापतौल कार्यालय

...............नेपाल

स्टाण्डर्ड नापतौल ऐन, २०२५

गाडी धनीको नामः–

टैङ्क गाडीको संख्याः–

| खण्ड संख्या | खण्ड क्षमता (लिटरमा) | निरीक्षकको छाप |
|---|---|---|
| | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

259

अनुसूची ५ ग.

(नियम १० को उपनियम (६) सँग सम्बन्धित)
फासला मात्र नाप्ने यन्त्रहरूको
विवरण

परिभाषा:

(क) "फासला मात्र नाप्ने अटोरिक्सा मिटर" भन्नाले मुखमा गतिमापक यन्त्र (स्पीडोमिटर) र दूरीसूचक यन्त्र (ओडोमिटर) राखी वा नराखी तोकिएको दरमा आफैंले देखाउने अङ्कहरू नमेटिने गरी भाडामा लिएको अटोरिक्साको भाडा फासलाको हिसाबले मात्र देखाउने यन्त्रलाई सम्झनुपर्छ ।

(ख) "मुख" भन्नाले अटोरिक्सा मिटरको भाडा देखाउने भागलाई सम्झनुपर्छ ।

(ग) "भाडा समकारक (न्यूटालाइजर)" भन्नाले भाडा देखाउन सून्य अङ्कमा ल्याउने यन्त्रलाई सम्झनुपर्छ ।

(घ) "भाडा" भन्नाले भाडा लिइएको अटोरिक्सा मिटरले फासला नाप्ने यन्त्रको सञ्चालनको आधारमा गणना गरी देखाउने भाडाको अंश-लाई सम्झनुपर्छ ।

(ङ) "चक्काको उचित घेरा" भन्नाले अटोरिक्साले ठीक यात्रीहरू लिई बढ्दाको अवस्थामा उचित मात्रामा हावा भरिएको टायर भएको पाँग्राले एक पूरा फन्कोमा जाने फासलालाई सम्झनुपर्छ ।

(च) "बेन्च जाँच" भन्नाले अटोरिक्सा मिटरलाई अटोरिक्साबाट छुट्याई गरिने जाँच सम्झनुपर्छ ।

बनावटसम्बन्धीआवश्यकताहरू:

(क) अटोरिक्सा मिटर फासलाको हिसाबले भाडा देखाउने यन्त्र वा दूरी देखाउने यन्त्रसँग गतिमापक र भाडा मिटर भएको यन्त्र हुनेछ ।

(ख) अगाडिको पाँग्रा वा पछाडिको धुरा गिएरबक्सबाट अटोरिक्साको सञ्चालन हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) एकटाले जम्मा-जम्मी गएको दूरी र अर्कोले खास सफर बापत भाडा देखाउने दुईवटा गणकहरू भएको पाँग्राको अनुपातमा मिल्ने गरी रेखाङ्कित भएको अटोरिक्सा मिटर हुनुपर्नेछ ।

(घ) रूपैयाँको कालो चक्कामा सेतो अङ्क र पैसाको सेतो चक्कामा रातो अङ्क भएको अटोरिक्सा मिटरको समकारक हुनेछ ।

(ङ) भाडा समकारक एक दिशातिरबाट मात्र हातले चलाउन सकिने हुनेछ ।

(च) भाडा समकारकलाई भाडाको अङ्क सून्यमा झार्दा स्पष्ट सुनिने आवाज आउनु पर्नेछ र कुनै झट्का, कम्पन र घिस्राइले भाडा देखाउने यन्त्रमा कुनै असर पर्ने हुनु हुँदैन ।

(छ) अटोरिक्सा वा मिटरमा गाडी भाडामा लिइएको छ भन्ने देखाउने उचित सूचक चिह्न हुनुपर्छ ।

जाँचहरू:

(क) मिटर चालू गरेपछि डायल सबै अवस्थामा तत्काल ठीक र पूर्ण रूपमा एक अङ्कबाट अर्को अङ्कमा बदलिनेछ । भाडा समकारकलाई अगाडिको अवस्थामा ल्याउँदा अगाडि दर्ता भएको भाडा हटेको छ भन्ने र मिटर ठीकसंगै सून्यमा फेरि मिलेको छ भन्ने यकीन गर्नु पर्छ । भाडा अङ्कित गरिएको कुनै हालतमा पनि अडाउने वा केही अंशमात्र हट्ने वा फेरि फर्कने हुनु हुँदैन । एक रावेट लकबाट अर्कोमा उल्टो घुमाउँदा अनुचित दर्ता नहुने वा अरू कुनै सम्भावित हानी नहुने भन्ने जाँच हुनुपर्छ । भाडा समकारकको अनुचित प्रयोगद्वारा भाडा देखाउनेमा कुनै किसिमले कैफियत गर्न नसकिने हुनुपर्छ ।

(ख) फासलाको इकाई (डिस्टान्ट टाइम): भाडाका अर्को वृद्धि अङ्कित हुन लागेको बेलामा भाडा दर्ता गर्ने यन्त्रकलामा सदैव एक विशेष अवस्था (क्रिटिकल प्वाइन्ट) हुनेछ । यात्रा विशेष अवस्थामा अन्त भएमा कुनै धक्काले (जस्तै ढोका ढ्याम्म बन्द गर्दा भाडामा अर्को वृद्धि हुन जान सक्छ) भाडामा अर्को भाडा वृद्धि हुन जाने मिटरको यन्त्रकलामा कुनै खराबी पैदा हुन नपावस् भन्नाको लागि जाँचको निमित्त एक झट्कादार इकाई (जर्किन ड्राइम) को व्यवस्था हुनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असामयिक भाडाको बृद्धि दर्ता हुने सम्भावनालाई रोक्का गर्नको निमित्त अनेक जाँचहरू गरिनेछन् ।

(ग) बेञ्च जांचः बेञ्च जाँचमा घटबढ गर्न हुने बिजुलीको मिटरको प्रति मिनेट घुमाइहरू दर्ता गर्न गणक र मिटर राम्रोसँग अडाउने ब्राकेट प्रयोग गरिनेछ ।

४. हदहरूः

(क) बेञ्च जाँचः बेञ्च जाँचको लागि घटीबढीको हद देहायबमोजिम हुनेछ ।

(१) घटीबढी दर्ता हुनेमा– १ प्रतिशत ।

५. सिल लगाउनेः मिटर जडान गरी मिटर हाँक्ने तारको दुवै छेउमा सिल लगाउनु पर्छ ।

६. अङ्कनः

(क) मिटर जाँच गरिने अटोरिक्साको पाँग्राको अनुपात (रेसियो) मिटरको पछाडि नमेटिने गरी अङ्कित भएको हुनु पर्नेछ ।

(ख) यन्त्रको संख्या पनि अङ्कित हुनु पर्नेछ ।

(ग) सबै अक्षरहरू रोमन लिपिमा र अङ्कहरू इण्डोअरेबिकमा हुनेछन् ।

अनुसूची ५(घ)

(नियम १० को उपनियम (७) सँग सम्बन्धित)

व्यापारिक प्रयोजनको लागि मान्यता दिइने घटीबढीको हद

| पदार्थ | जाँचको घटीबढीको हद | |
|---|---|---|
| | बढीमा | घटीमा |
| **मसला** | | |
| १. बेसार, धनियाँ, खोर्सानी, लसुन इत्यादि | ०.२५% | ०.२५% |
| २. मरीच, जिरा, ल्वाङ, अलैंची इत्यादि | ०.१% | ०.१% |
| ३. सोफ, दालचिनी, गोलमिर्च इत्यादि | ०.२% | ०.२% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५४

| पदार्थ | जाँचको घटीबढीको हद बढीमा | घटीमा |
|---|---|---|
| **तेलहन** | | |
| १. तेल (आलस, तोरी, सर्स्यू, तिल, नरिवल र अन्य यस्तै किसिमको तेल) | ०.२५% | ०.२५% |
| २. मट्टितेल, पेट्रोल, डिजेल र अन्य यस्तै किसिमका लुब्रिकेन्ट | ०.५% | ०.५% |
| ३. पिना | ०.५% | ०.५% |
| **सुख्खा फलफूल** | | |
| १. बदाम, ओखर, नरिवल इत्यादि | ०.२% | ०.२% |
| २. काजु | ०.१% | ०.१% |
| **खाद्यान्न** | | |
| १. चामल, गहुँ, चना, मुसुरो, मुगी, रहर, केराउ, भटमास इत्यादि | ०.२५% | ०.१२% |
| २. धान, मकै, कोदो, गहुँ, जौ र तिलको पिठो | ०.५% | ०.२५% |
| ३. तेलहन तथा अन्य गेडागुडी | ०.२५% | ०.१२५% |
| **तरकारी** | | |
| १. आलु, प्याज, परवर, रामतोरिया इत्यादि | १.०% | १.०% |
| २. हरियो तरकारी | २.०% | २.०% |
| **ताजा फलफूल** | | |
| १. स्याउ, अंगूर र अन्य यस्तै फलफूल | ०.१% | ०.१% |
| २. आरू, अम्बा, नास्पाती र अरू सस्तो फलफूल | ०.५% | ०.५% |
| **पदार्थ** | | |
| १. माथि नपरेका अन्य कृषिजन्य पदार्थ | १% | ०.५% |
| २. दूध र दूधबाट तयार हुने खाद्य पदार्थ (मखन, घिउ, पाउडर दूध) इत्यादि | ०.१% | ०.१% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५२

| पदार्थ | जाँचको घटीबढीको हद | |
|---|---|---|
| | बढीमा | घटीमा |
| **विविध** | | |
| १ सूर्ती, खैनी इत्यादि | ०.१% | ०.०५% |
| २. कपास | ०.१% | ०.०५% |
| ३. गुंड, सखर तथा उखुबाट पैदा हुने अन्य यस्तै वस्तुहरू | ०.५% | ०.५% |
| ४. चिनी | ०.१% | ०.०५% |
| ५. नून | १.०% | ०.५% |
| ६. फापर | ०.१% | ०.१% |
| ७. चिया र कफी | ०.१% | ०.५% |
| ८. रङ्ग र अन्य रङ्गाउने काममा प्रयोग हुने सामग्री | ०.१% | ०.०५% |
| ९. सिमेण्ट | १.५% | १.०% |
| १०. कोइला | १.५% | १.०% |
| ११. चून | १.५% | १.०% |
| १२. दाउरा | १.५% | १.०% |
| १३. फलाम र त्यसबाट बनेका सामग्री | ०.२% | ०.२% |
| १४. खुदो | ०.५% | ०.५% |
| १५. उखु | ०.२५% | ०.२५% |
| १६. मलखाद | ०.५% | ०.२५% |
| **धातु** | | |
| १. जस्ता, पित्तल, तामा, शिशा इत्यादि | ०.०५% | ०.०५% |
| २. (क) सुन, प्लाटिनम र अन्य बहुमूल्य धातु | ०.००२% | ०.००२% |
| (ख) चाँदी | ०.००५% | ०.००५% |
| ३. अन्य बहुमूल्य जवाहरात | ०.००१% | ०.००१% |
| **माँसाहार** | | |
| १. मासु | ०.५% | ०.५% |
| २. माछा | ०.५% | ०.५% |
| ३. छाला | ३% | २% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ८

(नियम १२ को उपनियम (५) संग सम्बन्धित)

फाराम नं:–

श्री ५ को सरकार

उद्योग मन्त्रालय

नेपाल गुणस्तर तथा नापतौल विभाग

गुणस्तर तथा नापतौल कार्यालय

... ... ... ... ... ... नेपाल

जाँच गरेको प्रमाण

निरीक्षकको नाम:–

टाँचा नं.:–

श्री ........... अञ्चल ........... जिल्ला ........ नगर।गाउँ

अनुमति नं. ........ का अधिकारका निम्नलिखित नापतौल तथा नाप्ने तौलने यन्त्र सम्बन्धित ऐन तथा नियमबमोजिम जाँच गरी टाँचा लगाइएको प्रमाणित गर्दछु ।

| परिमाण | संज्ञा | | तौलने यन्त्रहरू | | | | नाप्ने नापहरू | जाँच शुल्क | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तौलहरू | नापहरू | क्षमता | श्रेणी | निर्माताको नाम | प्रकारनं· | | रू. | पै. |
| | | | | | | | | | |

–यो प्रमाणपत्र प्रमुख स्थानमा टाँगेर राख्नुहोस् । जाँच नगरेको नापतौल तथा नाप्ने तौलने यन्त्रहरू कदापि प्रयोग नगर्नु होला ।

जम्मा रू. बुक नं. रसिद मिति:–

आगामी जाँच मिति:–

भिन्न गराउनु पर्नेछ ... ... ...

पाउनेको हस्ताक्षर निरीक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५५०

## अनुसूची ९

### (नियम १४ को उपनियम (१) र (२) संग सम्बन्धित)

### जाँच तथा टाँचा शुल्क

| | | संज्ञा | दर प्रति थान रू. | पै. |
|---|---|---|---|---|
| तौलहरू | बूलियन | १ मिलिग्राम देखि ५० ग्रामसम्म | २ | ०० |
| | | १०० ग्रामदेखि ५०० ग्रामसम्म | ५ | ०० |
| | | १ किलोदेखि ५ किलोसम्म | ८ | ०० |
| | | १० किलोदेखि २० किलोसम्म | १६ | ०० |
| | क्यारेट | ०.५ देखि २ क्यारेटसम्म | ४ | ०० |
| | | ५ क्यारेटदेखि ५०० क्यारेटसम्म | ६ | ०० |
| तौलहरू | व्यापारिक | १ मिलिग्रामदेखि ५० ग्रामसम्म | २ | ०० |
| | | १०० ग्रामदेखि ५०० ग्रामसम्म | ३ | ०० |
| | | १ किलोदेखि २ किलोसम्म | ४ | ०० |
| | | ५ किलो | ६ | ०० |
| | | १० किलोदेखि २० किलोसम्म | १० | ०० |
| | | ५० किलो | २० | ०० |
| नापहरू | ग्रहिता | १० मिलिलिटरदेखि २०० मिलिलिटरसम्म | २ | ०० |
| | | ५०० मिलिलिटरदेखि २ लिटरसम्म | ४ | ०० |
| | | ५ लिटरदेखि १० लिटरसम्म | १५ | ०० |
| | | २० लिटरदेखि ५० लिटरसम्म | २५ | ०० |
| | | १०० लिटरदेखि ५०० लिटरसम्म | १०० | ०० |
| | | १००० लिटरदेखि ५००० लिटरसम्म | १००० | ०० |
| | | ५००० लिटरदेखि माथिलाई | १५०० | ०० |
| नापहरू | लम्बाइ | ०.५ देखि २ मिटरसम्म | १[illegible] | [illegible]० |
| | | ०.५ देखि १० मिटरसम्मको टेप मिटर | ३ | ०० |
| | | १० मिटरभन्दा माथिको टेप मिटर | ५ | ०० |
| तौलने यन्त्र | श्रेणी "ग" र "घ" | ५०० ग्रामसम्म | ५ | ०० |
| | | ५०० ग्रामभन्दा माथि ५ किलोसम्म | १० | ०० |
| | | ५ किलोभन्दा माथि २० किलोसम्म | १५ | ०० |
| | | २० किलोभन्दा माथि ५० किलोसम्म | २५ | ०० |
| | | ५० किलोभन्दा माथि १०० किलोसम्म | ३५ | ०० |
| | | १०० किलोभन्दा माथि २५० किलोसम्म | ५० | ०० |
| | | २५० किलोभन्दा माथि १००० किलोसम्म | ७५ | ०० |
| | | १००० किलोभन्दा माथिलाई | १५० | ०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | संज्ञा | दर प्रति थान रू. | पै. |
|---|---|---|---|---|
| तौलने यन्त्र | श्रेणी "ग" र "घ" बाहेक अरू | २०० ग्रामसम्म | १० | ०० |
| | | ५०० ग्रामको | १५ | ०० |
| | | ५०० ग्रामभन्दा माथि ५ किलोसम्म | २० | ०० |
| | | ५ किलोभन्दा माथि २० किलोसम्म | २५ | ०० |
| | | २० किलोभन्दा माथि २५० किलोसम्म | ५० | ०० |
| | | २५० किलोभन्दा माथि १००० किलोसम्म | १०० | ०० |
| | | १००० किलोभन्दा माथि ५००० किलोसम्म | २०० | ०० |
| | | ५००० किलोभन्दा माथि १०००० किलोसम्म | ३५० | ०० |
| | | १००० किलोभन्दा माथि २५००० किलोसम्म | ६०० | ०० |
| | | २५००० किलोभन्दा माथिलाई | १००० | ०० |
| नाप्ने | आयतन | पेट्रोलियम पदार्थ विवरण पम्प | ३०० | ०० |
| | | वल्क मिटर | ५० | ०० |
| | लम्बाइ र समय नाप्ने मिटर | ट्याक्सी | १०० | ०० |
| | | अटोरिक्सा | ५० | ०० |

अनुसूची १०

(नियम १७ को उपनियम (२) संग सम्बन्धित)

अनुमतिपत्र

अनुमतिपत्र नं. ... ... ... ..  मितिः– ... ...

श्री ५ को सरकार

उद्योग मन्त्रालय

गुणस्तर तथा नापतौल विभाग

.........नेपाल

ऐनको दफा २५ बमोजिम व्यापारी वा व्यवसायी श्री ... ... ... लाई देहायबमोजिमको नापतौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्न यो अनुमतिपत्र दिइएको छ।

(क)

(ख)

(ग)  ... ... ...

(घ)  निरीक्षक

(ङ)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ११ (घ)

(नियम १८ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

उद्योग मन्त्रालय

नेपाल गुणस्तर तथा नापतौल विभाग

गुणस्तर तथा नापतौल कार्यालय

................नेपाल

(स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा... ... ... .. अन्तर्गत नापतौल तथा नाप्ने तौलने यन्त्रद्वारा प्रदान गरिने सेवाका लागि इजाजतपत्र प्राप्त गर्नको निमित्त गर्नुपर्ने कुराहरू)

निवेदनपत्र प्राप्त भएको मिति.....

नीरीक्षण गरिएको मिति........

| | निवेदकले भर्नुपर्ने | निरीक्षण गर्ने अधिकृतको कैफियत |
|---|---|---|
| १. इजाजतपत्र माग गर्ने संस्थाको नाम | | |
| २. संस्थाको र भएमा शाखाहरूको समेत पूरा ठेगाना | | |
| ३. प्रोप्राइटर वा सञ्चालक निर्देशकहरूको नाम.................. ठेगाना........................ | | |
| ४. हाल प्रदान गर्न लागिएको सेवाको किसिम | | |
| ५. आफूले कुन र कतिसम्म क्षमता भएको नापतौल वा नाप्ने तौलने यन्त्रद्वारा सेवा प्रदान गर्न खोजेको<br>(क) तौलने काँटाहरू<br>(ख) तौलने ढकहरू<br>(ग) तौलने यन्त्रहरू<br>(घ) नाप्ने यन्त्रहरू | | |
| ६. आफूले सेवा प्रदान गर्न प्रयोग गरेको नाप तौल वा नाप्ने तौलने यन्त्रहरूको मर्मत सम्भार बारे गरिएको व्यवस्था | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. आफूले सेवा प्रदानकर्ता भै काम गर्न चाहेको

क्षेत्र

अञ्चल

जिल्ला

नगर।गाउँ

मैले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा यस अन्तर्गतका नियमहरू पढेको छु। र सो ऐन तथा नियमहरू पालना गर्नेछु ।

माथि लेखिएको विवरण ठीक छ। झुठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

...........

निवेदकको सही

...............

निरीक्षण गर्ने अधिकृतको सही

इजाजतपत्र दिइएको । अस्वीकृत गरिएको

इजाजतपत्र नं.:– ... ... ... ...

मितिः– ... ... ... ... ... ... दस्तखत ... ... ... ... ...

निरीक्षक

## अनुसूची ११(ङ)

(नियम १८ को उपनियम २ संग सम्बन्धित)

इजाजतपत्रको लागि लाग्ने धरौटी रकम र दस्तूर

| | धरौटी रकम | दस्तूर |
|---|---|---|
| (क) नापतौल वा नाप्ने तौलने यन्त्र बनाउन | एकहजार रूपैयाँ | दुईसय रूपैयाँ |
| (ख) नापतौल वा नाप्ने तौलने यन्त्र मर्मत गर्न | दुईसय रूपैयाँ | एकसय रूपैयाँ |
| (ग) नापतौल वा नाप्ने तौलने यन्त्र बिक्री गर्न | दुईसय रूपैयाँ | पचहत्तर रूपैयाँ |
| (घ) नापतौल वा नाप्ने तौलने सम्बन्धी सेवा प्रदान गर्न | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६०९

| | | |
|---|---|---|
| (१) एक टनसम्म क्षमता भएकोलाई | एकसय पचास रूपैयाँ | पचहत्तर रूपैयाँ |
| (२) दश टनसम्म क्षमता भएकोलाई | एकहजार रूपैयाँ | पाँचसय रूपैयाँ |
| (३) दश टनभन्दा माथि जतिसुकै क्षमता भएकोलाई | दुईहजार रूपैयाँ | एकहजार रूपैयाँ |

## अनुसूची १२

(नियम १८ (२) संग सम्बन्धित)

श्री ५ को सरकार
उद्योग मन्त्रालय
नेपाल गुणस्तर तथा नापतौल विभाग
गुणस्तर तथा नापतौल कार्यालय
.. .. .. .. .. नेपाल

### इजाजतपत्र

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ अन्तर्गत नापतौल वा नाप्ने तौलने यन्त्र बनाउने । मर्मत गर्ने । विक्री गर्ने । सेवा प्रदान गर्नेलाई दिइने इजाजतपत्र ।

१. श्री . . . . . . . . . . . . . लाई निम्नलिखित किसिमका नापतौल वा नाप्ने तौलने यन्त्र बनाउन । मर्मत गर्न । बिक्री गर्न । सेवा प्रदान गर्न यो इजाजतपत्र दिइएको छ ।

२. बनाउन । मर्मत गर्न । बिक्री गर्न । सेवा प्रदान गर्न इजाजत दिइएको नापतौल वा नाप्ने तौलने यन्त्रको विवरण

(क) . . . . . . . . .
(ख) . . . . . . . . .
(ग) . . . . . . . . .
(घ) . . . . . . . . .

३. माथि लेखिएका श्री . . . . . . . . . लाई दिइएको यो इजाजतपत्र निजको निर्माण । मर्मत । बिक्री । प्रदान गरिने सेवाको स्थानको निमित्त मात्र मान्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६०२

४. यो इजाजतपत्र मिति . . . . . . . . . देखि मिति . . . . . सम्म बहाल रहनेछ ।

५. यो इजाजतपत्र नियमानुसार नवीकरण गरेमा नवीकरण विवरणमा उल्लेख भएको अवधिसम्म बहाल रहनेछ ।

६. नापतौल र नाप्ने तौलने यन्त्र बनाउने ट्रेडमार्क । मोनोग्राम यसप्रकार हुनेछ ।

. . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . .

मितिः– निरीक्षक

द्रष्टव्यः– (यो इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले यसको पछाडि लेखिएका शर्तहरू पालना गर्नुपर्छ । )

## इजाजतपत्रको पछाडि राखिने इजाजतपत्रसम्बन्धी शर्तहरू

(१) यो इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले ऐन र ऐन अन्तर्गतका नियमहरू तथा आदेशको पालना गर्नुपर्छ ।

(२) ऐन र सो ऐन अन्तर्गतका नियम तथा आदेशहरू उल्लङ्घन गर्न कसैलाई दुरूत्साहित गर्न हुंदैन र कसैले ऐन र ऐन अन्तर्गतका नियमहरू तथा आदेशको उल्लङ्घन गरेको थाहा पाएमा अविलम्ब निरीक्षकलाई सूचना दिनुपर्छ ।

(३) यो इजाजतपत्र सबैले देखिने गरी सम्बन्धित स्थानमा राख्नुपर्छ ।

(४) निरीक्षकद्वारा दिइएको निर्देशनको पालना गर्नुपर्छ ।

(५) वर्कशपलाई चाहिने सुविधा वा दक्ष कर्मचारीको अभाव देखिएमा इजाजतपत्र वालालाई सूचना दिई सो इजाजतपत्र स्थगित वा वदर गर्न सकिनेछ ।

(६) निरीक्षकले यो इजाजतपत्र पेश गर्नु भनेमा निज समक्ष पेश गर्नुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## इजाजतपत्र पछाडिको पाना

श्री ५ को सरकार
उद्योग मन्त्रालय
नेपाल गुणस्तर तथा नापतौल विभाग
गुणस्तर तथा नापतौल कार्यालय
. . . . . . नेपाल

### नवीकरण विवरण

| इजाजतपत्र संख्या | नवीकरण मिति | बहाल मिति | | नवीकरण गर्ने निरीक्षकको दस्तखत । मिति |
|---|---|---|---|---|
| | | मिति देखि | मिति सम्म | |
| | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची १३

(नियम १८ (३) सँग सम्बन्धित)

इजाजतपत्र नवीकरण गर्न दिइने निवेदनको ढाँचा

श्री ५ को सरकार

उद्योग मन्त्रालय

नेपाल गुणस्तर तथा नापतौल विभाग

गुणस्तर तथा नापतौल कार्यालय

. . . . . . . . नेपाल

१. अनुमतिपत्र पाउनेको नामः– . . . . . . . . . . . . . . . . . . .

२. ठेगानाः– . . . . . . . . . . . . .

अञ्चलः– . . . . . . . . . . . . .

जिल्लाः– . . . . . . . . . . . . .

नगर । गाउँः– . . . . . . . . . . . .

३. इजाजतपत्र नंः– . . . . . . . . .

४. इजाजतपत्र प्राप्त गरेको मितिः– . . . . . . . . .

५. इजाजतपत्रको म्याद सिद्धिने मितिः– . . . . . . . . .

. . . . . . . . . .

निवेदकको सही

मितिः–

द्रष्टव्यः– इजाजतपत्र नवीकरण गराउनको निमित्त लेखिएको निवेदन निरीक्षकलाई सम्बोधन गरी पुरानो इजाजतपत्रको म्याद सकिनुभन्दा ३५ दिन अगावै निरीक्षक समक्ष पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची १४

(नियम १८ को उपनियम (६) सँग सम्बन्धित)

इजाजतपत्र प्राप्त नापतौल र नाप्ने तौलने यन्त्रहरूको निर्माता । मर्मतकर्ता । बिक्रेता । सेवा प्रदानकर्ताको रजिष्टर

गुणस्तर तथा नापतौल कार्यालय

| लाइसेन्स नं. | मिति | निर्माता, मर्मत कर्ता, बिक्रेता, सेवा प्रदानकर्ताको नाम, ठेगाना | वर्कशपको ठेगाना | निर्माण गर्ने, मर्मत गर्ने, बिक्री गर्ने, सेवा प्रदान गर्ने चीजहरू | प्रयोग गर्ने ट्रेड मार्क मोनोग्राम | अनुमतिपत्र बदर भएको आदेश, अनुशासनको कारबाई यदि कुनै भए | पुनरावेदनको परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

द्रष्टव्यः– (१) यदि कुनै फर्म भए यसको नामको साथै सबै हिस्सेदारहरूको नाम समेत महल ३ मा देखाउनुपर्छ ।

(२) मर्मतकर्ता, बिक्रेता र सेवा प्रदानकर्ताको निमित्त महल ६ लागू हुने छैन ।

आज्ञाले,<br>
भुवनेश्वर खत्री<br>
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।